# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, प्रदेश नं. १, नेपाल

२०७३

## आन्तरिक आयको बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति :-२०७५/०३/०१

स्थानीय ठेक्का ब्यवस्थापन कार्यविधी २०७५ अनुसार यस अर्जुनधारा नगरपालिकाको आगामी आ.व. २०७५/०७६ का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षक अनुसारका आयमा राजश्व परार्मश समितिको सिफारिश तथा नगरपालिकाको निर्णय अनुसार ठेक्का लगाउनु पर्ने भएकोले ठेक्का लिन चाहनुहुने योग्य फर्म / संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं | ठे.न | ठेक्काको शीर्षक | आ.व २०७५/०७६ को लागि प्राप्त न्युनतम अंक | बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | १ | आईतवारे बजार पशु चौपाय विक्री कर र साप्ताहिक हाट बजार कर (भिटौरी बाहेक) खुदुनावारी | ३०,००,०००.०० | ३०००.०० | | | |
| २ | २ | सेवाशुल्क (यस नगर क्षेत्रमा उत्पादन भई प्रयोग हुने बस्तु निकासीमा लाग्ने सेवाशुल्क) | १६,००,०००.०० | ३०००.०० | २०७५।०३।१५ गते कार्यालय समय सम्म | २०७५।०३।१६ गते १२.०० बजे सम्म | २०७५।०३।१६ गते ३.०० बजे पछि |
| ३ | ३ | बजार ठेक्का (खसि बाखा,शनिश्चरे हाट बजार,कोला बजार,गोसहाट शनिश्चरे) | ७,००,०००.०० | १०००.०० | | | |
| ४ | ४ | पुर्वाधार प्रयोग शुल्क साबिकको पटके कर) | २०,००,०००.०० | ३०००.०० | | | |

**नोटः-पुर्वाधार प्रयोग शुल्क लिने सडकहरु :-**

१.लक्ष्मीपुर पाण्डवपुर पानीकल सडक, २.सुखानी जुकेखाडी दहिझोडा दुर्गापुर सडक, ३.कैलाशघाट कञ्चनवाडी सडक, ४.माता मंन्दिर प्रणामी टोल विहिवारे, कालीस्थान हुदै बुधबारे जोड्ने सडक, ५.मिलन चोक कालिस्थान हुदै धाइजन मोड जोड्ने सडक, ६.मदनपुरबाट भाङवारी विरिङ, मिनी पुल, शनिश्चरे सालवाडी हुदै चारआली सडक, ७.पानीकल पाण्डवपुर भानु उ.मा.वि. हुदै जगतवस्ती चारपाने जोडने सडक, ८.साठीमुरे बेलटार कैदले सडक, ९.दाहालटार गरुवाचोक जुकेखाडी सडक, १०.सातकटेरी मदनपुर सडक, ११.साधुटार मदनपुर पाण्डवपुर लक्ष्मीपुर सडक (राजनगिरी मार्ग), १२ महानन्द चोक शनिश्चरे नारायणचोक खुदनाबारी-सुखानी सडक, १३.चारपाने नारायणचोक हात्तीकिल्ला बुधबारे सडक ।

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा नगर नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल

शर्तहरु

१) खरिद भएका बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, फर्मको आधिकारीक व्यक्तिको नाम,थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी सिलबन्दी लाहा छाप गरी पेश गर्नुपर्नेछ ।

२) कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र वा पान ( PAN ) दर्ता प्रमाण पत्र र आ.व २०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको रकम नगदै ( पछि फिर्ता नहुने गरी ) बुझाई माथि उल्लेखित मिति भित्र,जिल्ला समन्वय समिति झापा,अर्जुनधारा नगरपालिका कार्यालय तथा अर्जुनधारा नगरपालिकाका सबै वडा कार्यालय बाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

३) बोलपत्र फाराम अलग अलग ठेक्काको लागि छुट्टाछुट्टै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फाराम खरिद गर्न दिइने छ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

४) बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कबोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १० प्रतिशत जमानत रकम यस कार्यालयको एन आइ सी एसिया बैंक लि.शनिश्चरे स्थित धरौटी हि.नं.०९CA०५११२५८५२४०८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो,सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५) बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । साथै उल्लेखित ठेक्काको दर रेट कार्यालयबाट उपलब्ध गराइने बोलपत्र/दरभाउपत्र साथ सलग्न रहने छ ।

६) ठेक्का कबोल रकम एकमुष्ठ बुझाएमा १० (दश) प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्ताबन्दी गरी बुझाउन चाहेमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको २०७६ आषाढ मसान्तसम्म अवधी भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ ।

७) यससंग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

८) ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ । विस्तृत जानकारीका लागि नगरपालिका वा फोन न. ०२३४६५५०२ सम्पर्क गर्नुहोला ।

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत